# वार्षिक प्रगति प्रतिवेदन २०६७/२०६८








युनिक नेपाल कार्यरत जिल्ला




युनिक नेपाल

**बार्षिक प्रगति प्रतिवेदन २०६७/२०६८**

युनिक नेपाल

**केन्द्रीय परियोजना कार्यालय, गुलरिया नगरपालिका**
**वडा नं.६ रेडक्रम मार्ग, बर्दिया**

**फोन/फ्याक्स नं. ००९७७-८४-४२१०३८, ४२०५५२**

**इमेल :** unyc.glr@wlink.com.np, unycnepal@gmail.com

**Website:** www.unycnepal.org.np


# अध्यक्षको मन्तव्य



करिब १७ बर्षको बसन्त पार गरी युनिक नेपालले अनुभवी सेवा प्रदान गरिरहेको छ । बर्दियाको नयाँगाउँ गाविसका युवाहरूको सानो समुहबाट शुरू भएको अभियान आज ४ जिल्लाको करिब २० हजार सदस्यहरूलाई विभिन्न सेवा प्रदान गरिआएको छ । आफ्नो पारिवारिक जीवन घेराभन्दा माथि उठेर युनिक नेपालको लक्ष, उद्येश्य प्रति प्रतिबद्ध कार्य समिति र दक्ष जनशक्तिका कारण प्रगतिका खुटकिलाहरू सदा अगाडि लम्बिरहेका छन् । युनिक नेपालको खासगरी ७ क्षेत्रमा कार्य गरि आएको छ, ती हुन्, शिक्षा, कृषि, स्वास्थ्य, जैविक विविधता, लघुबित्त र सीप विकास साथै भौतिक निर्माण ।

आर्थिक बर्ष २०६७/०६८ सालमा विभिन्न खालका कार्यक्रम मार्फत सेवाग्राही सदस्यलाई सेवा निवृत गरेको छ । जसमध्ये प्रमुख कार्यक्रममा लघुबित्त रहेको छ । यो कार्यक्रम बर्दिया, बाँके, कैलाली र कन्चनपुर गरी ४ जिल्लामा १२ वटा शाखा कार्यालय स्थापना गरी सफलता पूर्वक संचालन गर्दै आईरहेको छ । गरिवी निवारण गर्ने शहश्राव्दी लक्ष्यमा हातेमालो गर्ने महान अभियानका साथ संचालित यस कार्यक्रमबाट करिब १७ हजार बिपन्न परिवारका महिला सदस्यहरू लाभान्वीत भएका छन् । साथै करिब ७० जना कर्मचारीहरूले रोजगारीको अवसर पाएका छन् । यसै लघुबित्त कार्यक्रमलाई अझ प्रभावकारी र प्रबिधि युक्त बनाउन नेपाल राष्ट्र बैंक र युएनडीपीको आर्थिक सहयोगमा इन्हयान्सिङ एसेस टु फाइनान्सियल सर्भिस कार्यक्रम अन्तरगत कंचनपुरको दुईवटा शाखामा लागू गरिएको छ । यसबाट पनि लघुबित्त सेवा विस्तारमा टेवा पुगेको छ ।

राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष (नारडेफ) को आर्थिक तथा प्राविधिक सहयोगमा बर्दियाको भौरा टप्पाको ११ गाविसका करिब २२० सदस्यहरूलाई मुख्य लक्ष्य गरी बंगुर पालन तथा नस्ल सुधार कार्यक्रम संचालगत गरिएको छ । लक्षित समुदायलाई वितरण गरिएको उन्नत नस्लका बंगुरका पाठा पाठी अहिले बच्चा उत्पादन गर्न थालेका छन्, जसका कारण उन्नत नस्लका बंगुर बढ्दै गएका छन् । साथै किसानहरूको बंगुर पालन गर्ने सीपको विकास समेत भएकोछ ।

एम्बुलेन्सबाट बर्षेनी प्रसंसनीय सेवा प्रदान गरिआएको छ । आर्थिक बर्ष २०६७०६८ मा ९८० जना बिरामीलाई सेवा प्रदान गरियो, त्यसमध्ये २५६ जनाले सुत्केरी सेवा पाए ।

युनिक नेपालले संचालन गर्ने हरेक कार्यक्रम तथा क्रियाकलापमा आफ्नो तन, मन, बचत र विचारका साथ सक्रिय सहयोग र समर्थन गर्ने कार्य समितिका सबै पदाधिकारी तथा सदस्यहरूलाई आत्मैदेखि आभार व्यक्त गर्दछु । यो प्रतिवेदन तयार गर्न तथा प्रकाशनमा सल्लाह सुझाव उपलब्ध गराउनु हुने कार्यकारी निर्देशक देवमान चौधरी, वरिष्ठ अधिकृत किरन थारू लगायत युनिकको लक्ष्य उदेश्य प्राप्त गर्न अनवरत रूपमा लागी परेका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । साथै बडो मेहनतका साथ प्रतिवेदन लेखन तथा सम्पादन गर्नु हुने गोपाल दहितज्यूलाई पुष्प गुच्छाको मालालगाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसको साथै युनिक नेपालका सबै हितैषी, शुभचिन्तकहरूलाई पनि मुरी मुरी धन्यवाद ।

नरेन्द्र थारू
अध्यक्ष
युनिक नेपाल ,बर्दिया

# बिषय सूची


अध्यक्षको मन्तव्य

युनिक नेपालको कार्यक्षेत्र झल्किने नेपालको नक्सा

युनिक नेपाल सहश्राव्दी विकास भिजन २०१५ १

१. युनिक लघुबित्त कार्यक्रम ३

२. श्रृजनात्मक उपायद्धारा लघुबित्त सेवा विस्तार कार्यक्रम १२

३. बंगुर पालन तथा नस्ल सुधार कार्यक्रम १४

४. एम्बुलेन्स सेवाहरू : १६

५. प्रकाशनहरू १७

६. युनिक नेपाल परिचय १९

अनुसूचीहरू

(क) केन्द्रीय कार्यालय तथा शाखा कार्यालयको ठेगाना र सम्पर्क फोन नम्बर २२

(ख) अडिट प्रतिवेदन २०६८ २३




# युनिक नेपाल
## सहश्राव्दी विकास भिजन २०१५

**सहश्राब्दी बिकास लक्ष (भिजन २०१५) को ८ बिभिन्न विश्वब्यापी लक्षमध्ये १ नम्बर मा पर्ने गरीबी निवारण लक्षलाई हासिल गर्न सहयोग पुरयाउने महान लक्षका साथ लघुबित्त कार्यक्रम अन्तरगत युनिक नेपालले आफ्नो ५ वर्ष लक्ष निर्धारण निम्न अनुसार गरेको छ।**

| क्र.स. | बिबरण | २०६७ अषाढ | २०६८ अषाढ | २०६९ अषाढ | २०७० अषाढ | २०७१ अषाढ | २०७२ अषाढ |
|---|---|---|---|---|---|---|---|
| १ | सेवा पुरयाउने जिल्ला (नाम संलग्न राख्नुपर्ने) | ३ (बर्दिया, कैलाली र बाांके ) | ४(बर्दिया, कैलाली, बाांके र कन्चनपुर) | ५(बर्दिया, कैलाली, बाांके, कन्चनपुर र डडेलधुरा) | ६ (बर्दिया, कैलाली, बाांके, कन्चनपुर, डडेल्धुरा र डोटी) | ७ (बर्दिया, कैलाली, बाांके, कन्चनपुर, डडेल्धुरा, डोटी र अक्षाम) | ८ (बर्दिया, कैलाली, बाांके, कन्चनपुर, डडेल्धुरा, डोटी, अक्षाम र दाङ्ग देउखुरी) |
| २ | गा.बि.स. र नगर पालिका | ४६ | ५५ | ६० | ७० | ७५ध | ८० |
| ३ | शाखा संख्या | ९ | ११ | १३ | १६ | १८ | २० |
| ४ | सदस्य संख्या (जोडात्मक) | १११२० | १९००० | २५००० | ३०००० | ३५००० | ४०००० |
| ५ | ऋणी संख्या | ५८०१ | १२३५० | १६२५० | २२५०० | २६२५० | ३२००० |
| ६ | कुल ऋण लगानी रु. | १८४४२२९५० | ३२६४४७९ ५० | ५१३३२२९५० | ७८३३२२९५० | ११११४४७९५० | १५२७४४७९५० |
| ७ | यस वर्षको ऋण लगानी रु. | १०७१९९९०० | १४२०२५००० | १८६८७५००० | २७००००००० | ३२८१२५००० | ४१६०००००० |
| ८ | कुल ऋण असुली रु. | १३०६०४६६० | २४८३३४८३० | ४१०५४१७०० | ६३४८२२९५० | ९३०९७९२०० | १२९८६४७९५० |
| ९ | लगानीमा बाांकी ऋण रु. | ५३८१८९२० | ७८११३१२० | १०२७८१२५० | १४८५००००० | १८०४६८७५० | २२८८००००० |
| १० | भाखा नाघेको ऋण रु. | ३८४०० | ७८११३ | १०२७८१ | १४८५०० | १८०४६८ | २२८८०० |
| ११ | कुल बाांकी बचत रु. | २७२०४२५३ | ४१८००००० | ५५०००००० | ६६०००००० | ७७०००००० | ८८०००००० |
| १२ | कर्मचारी संख्या | ४० | ५८ | ६५ | ७० | ८० | ९० |

**भिजन :**

ग्रामीण स्वरोजगार श्रृजना गरी स्वावलम्बी समाज निर्माण प्रक्रियाबाट विश्व शान्ति र भ्रातृत्वको भावनाको विकास गर्ने हाम्रो मूल सपना हुनेछ ।

**मिसन :**

मध्ये तथा सुदुर पश्चिम क्षेत्रमा युनिक नेपाललाई लघुबित्त कार्यक्रमको नेतृत्वदायि संस्थाको रूपमा स्थापीत गरी कम्तिमा ४० हजार समावेसी सेवाग्राहीहरूको गरीबी न्यूनीकरण गरी विश्व शान्ति अभियानमा कोशेढुङ्गा सावित गर्ने मूल अठोत रहनेछ।

**उद्देश्यहरु :**

क) साक्षरता दर बृद्धिका लागि शिक्षा र चेतना विकास गर्ने ।

ख) प्राविधिक शिक्षाको माध्यमद्वारा उद्येमशील जनशक्ति निर्माण गर्ने ।

ग) लघुबित्त सेवा प्रदान गरी सानाबाट क्रमशः मध्यम तथा ठूला व्यवसाय गर्न प्रोत्साहीत गर्ने ।

घ) लघुबित्त, स्वरोजगार र वातावरण संरक्षणलाई एकीकृत रूपमा समायोजन गरी दुई वा सोभन्दा बढी निकायहरू मिली गरिवी निवारणको लागि कार्य गर्ने ।

**धनगढी शाखा केन्द्र नं ३१ सितल छाया युनिक महिला केन्द्र**







# १ युनिक लघुबित्त कार्यक्रम

## १.१. परिचय :

युनिक नेपालले नेपाल राष्ट्र बैंकबाट बित्तिय मध्यस्थकर्ताको अनुमति पत्र विधित रूपमा लिई बिपन्न परिवारका महिलाहरूलाई मुख्य लक्षित गरी २०५७ सालदेखि निरन्तर रूपमा लघुबित्त कार्यक्रम संचालन गरी आएको छ। बिगतको सशस्त्र द्वन्द्व कालमा मध्य तथा सुदुपस्चिम नेपाल तुलनात्मक ज्यादा प्रभावित रह्यो, जसबाट युनिक लघुबित्त कार्यक्रम समेत अछुतो रहन सकेन । तथापि शान्ति प्रक्रिया शुरू भएपछि २०६३ सालदेखि लघुबित्त कार्यक्रमले आफ्नो सेवा विस्तारमा गुणात्मक सुधार तथा छलाङ्गको गतिमा प्रगति चुम्न सफल भयो । जसका कारण बाँके, बर्दिया, कैलाली र कंचनपुर जिल्लाहरूमा आफ्नो ११ वटा शाखाबाट २०६८ असार मसान्तसम्ममा करिव १६८०८ महिलाहरूलाई लघुबित्त सेवा प्रदान गर्न सक्षम भयो।

## १.२. उद्धेश्यहरु:

लघुबित्त सेवाको माध्यमद्वारा बिपन्न परिवारका लक्षित समुदायको आर्थिक तथा सामाजिक उत्थानमा सहजिकरण गरी समृद्ध समाजको निर्माणमा टेवा पुर्‍याउने प्रमुख उद्देश्य हो ।

**सानोश्री शाखामा केन्द्र प्रमुखको अन्तरक्रियाका सहभागीहरू**



यस कार्यक्रमको बुदागत उद्धेश्यहरू निम्नानुसार रहेको छन् ।

(क) ऋण परिचालन गरी बिपन्न वर्गको आय स्तरमा सुधार ल्याउने ।

(ख) मुख्य लक्षित वर्गमा बित्तिय अनुशासन कायम गराउने ।

(ग) बिपन्न परिवारको बचत गर्ने बानीको विकास गरी बचतलाई आयमूलक कार्यमा परिचालन गर्ने ।

(घ) महिलाहरूलाई उच्च प्राथमिकतामा राखि कार्यक्रममा सहभागी गराउनेछ ।

(ङ) यस कार्यक्रममा सदस्यहरूलाई सामुदायिक कार्यक्रमको माध्यमद्वारा चेतना जगाउने, संगठित गराउने तथा उनीहरूको जीवन शैलीमा परिवर्तन ल्याउन सहजिकरण गरिनेछ ।

## १.३. कार्यक्रम संचालन प्रक्रिया :

लघुबित्त कार्यकम संचालन प्रकिया निम्नानुसार रहेको छ ।




## १.५. लक्षित समुह र सदस्यता विस्तार

यस कार्यक्रमका प्रमुख लक्षित समुहमा आदिवासी थारू रहनको साथै दलित लगायत सम्पूर्ण बिपन्न वर्गका महिलाहरू पर्दछन् । २०६८ साल असार मसान्तसम्ममा कुल सदस्य संख्या १६,८०८ जनामध्ये पहाडी दलित १२६९, मधेसी दलित ८८०, पहाडी जनजाति ४८७, थारू ९७३७, पहाडी ब्राह्मण क्षत्री २४७७, मधेसी ब्राऽमण क्षेत्री ९३२, अन्य मधेसी जाति २७०, मुस्लिम ७५६ आदि रहेका छन् । बार्षिक तुलनात्मक सदस्यता विस्तार अवस्था निम्नानुसार रहेको छ । यिनैमध्ये मुक्त कमैयाहरू ४८८ जना रहेका छन् ।

गत पाँच बर्षको तुलनात्मक सदस्यता विस्तार तालिका निम्नानुसार रहेको छ ।




सदस्यता बिस्तार वार्षिक तालिका

१९ देखि २५ बर्षसम्मका सदस्यहरू ४,०८७ जना, अपार १२ जना, ग्रामीण क्षेत्रका सदस्यहरू १२,४६७ जना, सहरी क्षेत्रका सदस्य ४,३४१ जना छन् ।

## १.६. ऋण सेवाहरु :

(क) **साधारण ऋण:** कुनै पनि आयमूलक कार्यमा लगानी गर्नको लागि सदस्यहरूले साधारण कर्जा लिन सक्नछन् । यो ऋण सबै सदस्यहरूले अनिवार्य रूपमा लिनुपर्ने भएकोले यसलाई नियमित लिनै पर्ने ऋणको किसिममा गणना गरिन्छ ।

(ख) **मौसमी ऋण:** साधारण कर्जा लिई संचालन गरेको व्यवसायलाई मौसम अनुसार व्यवसाय गर्नको लागि सदस्यहरूले मौसमी कर्जा लिन सक्नछन् ।

केन्द्र बैठकमा एक सदस्यले ऋण माग गर्दै





**(ग) बैदेशिक रोजगार ऋणः** बैदेशिक रोजगारको लागि सदस्यहरूले ऋण लिन चाहेमा रू. ७०,०००। अक्षरूपी सहत्तरी हजार रूपैयासम्म मात्र ऋण उपलब्ध गराइन्छ । यस ऋणको भूक्तानी समयअवधि २ वर्षको छ ।

**(घ) सिप बिकास ऋणः** बिभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाबाट संचालन गरिएका सिप बिकास तालिम लिएका सदस्यहरूलाई आय आर्जनका लागि रू. ३०,००० । तीस हजार रूपैयासम्म सिप बिकास आय आर्जन ऋण सेवा उपलब्ध गराइन्छ । यो ऋणको भूक्तानी समयअवधि १ वर्ष ६ महिना अर्थात डेढ वर्षको छ ।

**(ङ) लघु उद्यम कर्जाः** लघुउद्यम कर्जा भन्नाले बस्तु वा सेवा उत्पादन गर्ने सानो खालको उद्योगलाई जनाउदछ, जस्तै, कुटानी, पिसानी, पेलानी, मिल तान बुनाई, आदि । यसमा ऋणी सदस्यको बिगतको कार्य अनुभव र तत्पर ताको आधारमा मात्र ऋण प्रदान गरिन्छ ।

**(च) समुह कोष ऋणः** समुह कोषमा जम्मा भएको बचतबाट समुहका सदस्यहरूको नेपाली नागरिकता प्रमाण पत्र लिन, औषधी उपचार, छोराछोरी स्कूल भर्ना, आगलागी, बिबाह र अन्य अपरिहार्य आवस्यकता पूरा गर्नको लागि ऋण लिने व्यवस्थाको गर्न यो कोष खडा गरिएको छ । केन्द्र कोषमा न्यूनतम रू. १००० सम्म बांकी राखी बढी भएको रकम मध्ये सदस्यहरूले निम्न अनुसार आकस्मिक कार्यको लागि कर्जा लिन सक्नेछन् । यस ऋणमा ब्याज नलाग्ने तथा सेवा शुल्क २ प्रतिशत मात्र संस्थाले लिनेछ ।

माथि उल्लेखि सबैखाले ऋण सेवामा २०६८ साल असार मसान्तसम्मा ऋण लगानी रू. ८,६८,५३,०००। रहेको छ । गत पाँच बार्षिक तुलनात्मक ऋण लगानी अवस्था निम्नानुसार रहेको छ ।




**आर्थिक वर्ष अनुसार ऋण सेवाको अवस्था**



**१.७. बचत सेवाहरु :** कुल ऋण लागनीको बचत अनुपात करिव ५७.८८ प्रतिशत रहेको छ ।

**१.७.१. अनिवार्य बचत :**

**क) समुहकोष बचत :** समुहको प्रत्येक सदस्यहरूले हरेक बैठकमा केही रकम जम्मा गरेर एउटा कोष खडा गर्दछन् जसलाई समुहकोष बचत भनिन्छ । यस समुह बचतको रकमबाट समुह तथा युनिक कार्यकर्ताको उपस्थितिमा केन्द्रको निर्णयबाट समुह सदस्यहरूलाई सामाजिक तथा अन्य कार्यकोलागी कर्जा दिन सकिनेछ ।

**ख) केन्द्र उपकार कोष बचत :** केन्द्रका सदस्यहरूलाई आत्मनिर्भर बनाउन, एक आपसमा काम गर्न र सहकारीताको भावना जगाउन केन्द्र कोषको व्यवस्था हुन्छ । यस कोषमा केन्द्रका सम्पूर्ण पदाधिकारीहरूको पूर्ण अधिकार तथा पूर्ण दायित्व हुनेछ । कोषको रकम केन्द्रबाट संचालन हुने गरी कार्यालयमा जम्मा गरिन्छ । यस कोषमा जम्मा भएकको रकम सार्वजनिक तथा सामाजिक कार्यमा केन्द्रको निर्णय अनुसार खर्च गरिन्छ । खास गरी यो कोषलाई केन्द्र घर निर्माण गर्न प्रयोग गरिन्छ ।

**ग) केन्द्र कोष बचत :** साधारण ऋण लिंदा ऋण रकमको ५ प्रतिशतका हिसावले हुन आउने रकम जम्मा गर्नु पर्दछ । साथै जम्मा रकममा नियमानुसार युनिक नेपालले दिएको ब्याज रकम जम्मा हुनेछ ।

**घ) ग्राहक राहत कोष :** आपतको वेलामा केही मात्रामा भए पनि सदस्यलाई वा निजको परिवारलाई राहत मिलोस भन्नेहेतुले यो कोषको स्थापना गरीएको छ । सदस्यहरूले प्रत्येक साधारण ऋण लिदा अनिवार्य रूपमा रू. १०० रकम जम्मा गरी खडा गरिएको कोषलाई ग्राहक राहतकोष भनिन्छ । आत्महत्या बाहेक अन्य कारणबाट सदस्यको सदस्यता कायम रहेकै बेला मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले राहत स्वरूप तोकिएको रकम प्रदान गरिन्छ ।

**१.७.२. स्वेच्छिक बचत :**

**(क) व्यक्तिगत बचत :** समूह सदस्यमध्ये इच्छुक सदस्यले आफूखुशी जम्मा गरेको बचतलाई स्वच्छिक बचत भनिन्छ । यस प्रकारको बचतले समूह सदस्यको बचत गर्ने बानी विकास गर्नेछ । स साना रकम जम्मा गर्न व्यक्तिगत बचत खाता



युनिक लघुवित्त कार्यक्रम

खोलिन्छ, जसलाई व्यक्तिगत बचत खाता पनि भनिन्छ। जम्मा भएको बचत र कममा युनिकबाट बार्षिक ८ प्रतिशत ब्याज प्रदान गरिन्छ।

**(ख) नावालक बचत :** सम्वन्धित केन्द्रका सदस्यहरूले आफ्ना नावालक छोरा छोरीको नाममा खाता खोली नियमित रूपमा रू. २० देखि माथि आफू खुसी रकम जम्मा गरी नावालक बचत खाता खोल्न सक्छन्। यसरी जम्मा हुन आएको रकममा वार्षिक प्रचलित नियम अनुसार युनिकबाट ब्याज दिइन्छ। यो खाता खोल्न नावालकको आमा संरक्षक रहनेछन्।

**(ग) बिबाह बचत :** सम्वन्धित केन्द्रका सदस्यहरूले आफ्ना छोरा छोरीको नाममा खाता खोली नियमित रूपमा रू. ५०। देखि माथि आफू खुसी रकम जम्मा गरी बिबाह बचत खाता खोल्न सक्छन्। यसरी जम्मा हुन आएको रकममा वार्षिक प्रचलित नियम अनुसार युनिकबाट ब्याज दिइन्छ। यो खाता खोल्न आमा संरक्षक रहने व्यवस्था छन्। बिबाह गर्ने उमेर पुगीसकेपछि बिवाहको बेला यो बचत रकम एकमुस्ठ सांवा र ब्याज निकाल्न सकिन्छ।

## १.८. समिक्षा बैठक






केन्द्र प्रमुखहरूको अन्तरक्रियाका सहभागी

यस आर्थिक बर्षको अर्ध बार्षिक समिक्षा बैठक २०६७ साल श्रावण ६ र ७ गते मिरोर होटेल गुलरिया र बार्षिक समिक्षा २०६७ साल फागुन २७ र २८ गते जिल्ला विकास समितिको हलमा सफलताका साथ सम्पन्न गरिएको थियो। उक्त समिक्षा बैठकमा सबै फील्ड सहायक तथा शाखा व्यवस्थापकहरूले आफ्नो आफ्नो शाखाको प्रगति विवरण, सिकाई, समस्या पहिचान र सधानका उपाय सहितको प्रतिवेदन पेश गरेका थिए। यस समिक्षामा युनिक नेपालको सहश्राव्दी लक्ष्य प्राप्तिको लागि थप रणनीति बनाउनुको साथै लघुवित्त कार्यक्रमका कर्मचारीहरूमा काम प्रतिको जिम्मेवारी र उत्साह बढाउनको लागि नीति नियममा केही थप सुधार र संशोधन गर्नु पर्ने सुझाव प्राप्त भएको थियो।

## १.९. अभिभावक तथा केन्द्र प्रमुख उप्रमुखहरुको अन्तरक्रिया:

अघिल्लो सालमा जस्तै यस आर्थिक बर्ष पनि अभिभावक तथा केन्द्र प्रमुख

बाँसगढी शाखामा केन्द्र प्रमुखहरूको सम्मान कार्यक्रम



साथै उपप्रमुखहरूको सहभागीतामा अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न गरियो। लघुवित्त कार्यक्रम संचालन भएका सबै जिल्लाका सबै शाखाहरूमा सहभागीहरूको सक्रिय सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। केन्द्र संचालनको क्रममा आफूहरूले आर्जन गरेका राम्रा सिकाईलाई सबैको सामुन्ने सुनाउनुको साथै कार्यक्रमलाई अझ प्रभावकारी बनाउन सुझावहरू संकलन गरिएको थियो। प्राप्त सुझावहरूको आधारमा युनिक नेपाल लघुवित्त कार्यक्रमले आफ्ना नीति तथा कार्यक्रममा सुधार गरेको छ।



## १.१०. उपलब्धिहरु:

(क) गरिवी घटाउन : २०६८ साल असार मसान्तसम्ममा कुल १६,८०८ महिलाहरूलाई लघुवित्त सेवा प्रदान गरी गरिवी न्यूनीकरणमा टेवा पुगेको छ। कूल सेवाग्राही सदस्यमध्ये कम्तिमा ५० प्रतिशतले नियमित रूपमा आयमूलक ऋण सेवा पाई रहेका छन्। २०६८ असार मसान्तसम्म लगानीमा रहेको ऋण रू. ८,६८,५३,०००। छ। यसबाट उनीहरूको आय आर्जनमा अभिबृद्धि भईरहेको छ र आयमूलक कार्यको लागि ऋण लिने बानीको विकास भएको छ।

(ख) सबै सदस्यहरूको बचत गर्ने बानीको विकास भएको छ। जसका कारण २०६८ असार मसान्तसम्मा कूल ऋण लगानीको बचत अनुपात ५७.८८ प्रतिशत रहेको छ। बचत जम्मा गर्ने सबैले ब्याज आर्जन गरेका छन्।

(ग) समूह र केन्द्रको माध्यमद्वारा लघुबित्त कार्यक्रममा बचत तथा ऋण परिचालन गर्ने भएकोले समुहमा मिलेर काम गर्ने बानीको विकास भएको छ। नियमित बैठक १४ दिनमा अनिवार्य रूपमा बस्ने गर्दछन्।

(घ) युनिक लघुबित्त कार्यक्रममा सहभागी सम्पूर्ण घरपरिवारका सबै छोराछोरीहरू बिद्यालय भर्ना भएका छन्। सत प्रतिशत महिला सदस्यहरूले हस्ताक्षर गर्दछन्। साक्षरता दर बढेको छ।

(ङ) लगभग ६५ प्रतिशत सदस्यहरूको घरमा स्थायी वा अस्थायी चर्पी निर्माण गरेका छन्, र नियमित प्रयोगमा पनि ल्याउने गर्दछन्।

(च) बर्दिया, बाके, कैलाली र कंचनपुर गरी चारवटा जिल्लामा ११ वटा शाखा विस्तार गरी सेवाग्राहीहरूको लागि लघुबित्त सेवा विस्तार गरेको छ। जहाँ ७० जना कर्मचारीहरूले रोजगारीको अवसर पाएका छन्।

(छ) युनिक नेपालले संचालन गर्ने अनुदान कार्यक्रमको लागि संगठीत समुहका सदस्यहरू पहिचान भएका छन्।

(ज) लघुबित्तका केन्द्र भएका गाउ टोलहरूमा अनिवार्य रूपमा केन्द्र घर निर्माण भएका छन्। जहा केन्द्र बैठकका साथै अन्य सामुदायिक विकासका बिषयहरूमा छलफल, अन्तरक्रिया हुने गर्दछ। यसको स्वायमित्व मुहिलाहरूको साथै उनीहरूको अभिभावकहरूले पनि बहन गर्दै आएका छन्।

(झ) कुलत जस्तै तास खेल्ने, जाड रक्सी खाएर अभद्र व्यवहार गर्नेहरूलाई धेरै हदसम्म रोक्ने काम लघुबित्त कार्यक्रमका महिला सदस्यहरूले गरी आएका छन्।





सफलताको कथा

## साहुनी भइन् मुक्त कमैया राजकुमारी

राजकुमारीको जीवन चर्या परिवर्तन भएको छ। झलारी गा.वि.स.वार्ड नं. ५ नौखरी बस्ने ३२ वर्षिया राज कुमारी चौधरी विहान सबेरै उठेर सर्वप्रथम पसलको ढोका खोल्न पुग्छिन्। युनिक नेपाल लघुवित्त कार्यक्रम शाखा कार्यालय झलारीबाट सञ्चालित केन्द्र नं. ६ को समूह नं. ७ को सदस्य नं. ३ राज कुमारी चौधरीले घरैमा एउटा किराना पसल खोलेकी छिन्। जसमा उनले दैनिक उपभोग्य सामानका साथै रिचार्ज कार्ड, श्रृगारका सामान, साईकल मर्मत तथा विभिन्न ईलेक्टोनिक सामग्री मर्मत गर्ने कार्य गर्दछिन्।

राज कुमारी एक अति विपन्न परिवारकी महिला सदस्य हुन्। नेपाल सरकारबाट मुक्त कमैया घोषित हुनु पूर्व उनी कैलाली जिल्ला चौमाला गा.वि.स. चनौरा गाउँको नदीको किनारमा एउटा सानो झुप्रोमा आफ्नो परिवारका साथ बस्दथिन्। उनको श्रीमान गाउँकै मालिकको घरमा कमैया भई काम गर्दथे। उनको आयस्ताले दैनिक गुजारा गर्न निकै गाह्रो थियो। छर छिमेक, जोरी पारी, गाउँलेहरूले उनीहरूलाई गरिव भनेर अपहेलना गर्दथे। राज कुमारी अत्यन्त दुःखित हँदै आफ्ना पुराना क्षणहरू सम्झिन्छन् - "खान लाउन पुग्दैनथ्यो, राम्रो बास, कपडा र मिठो खाना त एउटा सपना मात्र थियो, खाना पकाउने भाँडा पनि थिएन, तेलको डिब्बा काटेर त्यसैमा तरकारी, कपुवा पकाउने तथा काठको डाडु पन्युले काम चलाउनु पर्ने दयनिय अवस्था थियो .....।" यसरी भनी रहँदा उनको आँखाबाट बगिरहेको आँसु र मलिन अनुहारबाट प्रष्ट झल्कन्थ्यो कि उनी आफ्नो जीवनमा निकै दुःख पीडा झेल्दै आएकी हुन्। उनी अझ थपिन "भएको सानो झुप्रो पनि नदीमा आएको बढीले बगाई दियो र हामी घरबार बिहिन भयो, र हामी यहाँ झलारी आएका हौं।"



राजकुमारी र उनको श्रीमान

मुक्त कमैयाको परिचय पत्र २०५९ सालमा पाएपछि लगत्तै पाँच कठ्ठाजग्गा पनि पाइन्। तर सिचाई सुविधा नभएको कारण उब्जनी पनि राम्रो नहुने र त्यसको आयस्ताले खान लाउन नपुग्ने समस्या फेरि जिउका तिउँ रह्यो। यसर्थ सानो तिनो भए पनि आयमूलक काम गर्ने प्रबल चाहना जाग्यो। विवाह गर्दा पाएको पेवा रू. ८०००/- बाट सानो पसल राख्ने निर्णय गरिन्। युनिक नेपालको लघुबित्त कार्यक्रममा सदस्य भई सामुहिक जमानीमा ऋण लिएर त्यसमा थपी सानो किराना पसल चलाउन थालिन्। कडा मेहनत र किफायती बानीका कारण सानो पसलबाट पनि उनको आम्दानीमा सुधार आएको छ। उनले, श्रीमानको पनि राम्रो सहयोग पाएकी छिन्।

हप्तामा दुई तीन दिन पढ्न जाने र बाँकी दिन मजदुरी गरेर कक्षा ७ सम्म पढेका छन् उनको श्रीमान राम प्रसाद। उनको भने लेखपढ् गर्ने उमेर गाई वस्तु, भेंडाबाख्रा चराउने, अर्काको बाल बच्चा खेलाउने, भाँडा माझ्ने र खाना पकाउनमै बित्यो। श्रीमान् सानैदेखि धनगढी, महेन्द्रनगर हुँदै कहिले चौमाला बजारमा अर्काको घर पसलमा काम गरेको अनुभवले अहिले आफ्नो साना किराना पसल चलाउन सजिलो भएको छ।

पसलमा दैनिक रू.३,००० देखि रू.३,५०० सम्मको ब्यापार हुने गर्दछ। सिजनमा दैनिक रू.पाँच, छ हजारसम्मको ब्यापार हुने गर्दछ। यसबाट दैनिक रू.५०० देखि रू.१,००० सम्म नाफा हुने उनको अनुमान रहेको छ। ब्यापार विस्तार गरी आफ्नो लागि छुट्टै श्रृगारको पसल खोल्ने तथा सानो तिनो गल्ला खरिद विक्री गर्ने योजना छ राजकुमारीको। दुई छोरी, एक छोरा र श्रीमान श्रीमति सहितको सानो परिवार सुखी र सन्तुष्ट छ अहिले। सबै छोरा छोरीलाई बिद्यालयमा पढन् पठाउछिन्। जय होस् राजकुमारीको मनोकांक्षा।

# २

# श्रृजनात्मक उपायद्वारा लघुबित्त सेवा विस्तार कार्यक्रम



## २.१. परिचय :

नेपाल राष्ट्र बैंक र युएनडीपीको संयुक्त आयोजनामा इन्ह्यान्सिङ एसेस टु फाइनान्सियल सर्विस नामक परियोजनको आर्थिक सहयोगमा युनिक नेपालले सुदुर पस्चिमको कञ्चनपुर जिल्लामा यो कार्यक्रम संचालन गरिआएको छ । हालसम्म २ वटा शाखाबाट करिव १५९५ जनालाई लघुबित्त सेवा प्रदान गर्न सफल भएको छ । १८ महिनाको कार्यावधिमा ३२०० जनालाई लघुबित्त सेवा पुऱ्याउने लक्ष राखेको यस परियोजनाको एक बर्ष पूरा भई सकेको छ ।

## २.२. उद्देश्यहरु

यस कार्यक्रमको मुख्य लक्षमा श्रृजनात्मक प्रबिधि र सेवाबाट लघुबित्त सेवा विस्तार गर्नु रहेको छ । अन्य बुदागत उद्देश्यहरू निम्नानुसार छन् ।

(क) नयाँ खालका ऋण तथा बचत सेवा परिक्षणको रूपमा लागू गरी सदस्य विस्तारमा बढोत्तरी ल्याउने ।

(ख) लघुबित्त सेवालाई कम खर्चिलो बनाउदै लान उन्नत प्रविधिको प्रयोग बढाउदै लाने ।

## २.२. लक्षित समुह

यस कार्यक्रमको प्रमुख लक्षित समुहमा मुक्त कमैया, भोकेशनल तालीम प्राप्त तथा विपन्न परिवारका महिलाहरू रहेका छन् । परियोजना अवधिमा जम्मा ३२०० जनालाई विभिन्न समुह र केन्द्रमा समावेस गरी लघुबित्त सेवा प्रदान गर्नु रहेको छ।





सन्तकुमार कम्प्युटरमा डाटा प्रोसेसिङ्ग गर्दै



## २.२. उपलब्धिहरु :

यस कार्यक्रमका बुदागत उद्देश्यहरू निम्नानुसार छन् ।

(क) कंचनपुर जिल्लामा २ वटा नयाँ शाखा खोली हालसम्म १५९५ जना महिलाहरूलाई लघुबित्त सेवा दिन सफल भएको छ । यससेवाबाट ऋण लिई आएमूलक कार्यहरू गरी आएका छन् ।

(ख) "दुबै नयाँ शाखामा कम्प्युटराइज्ड सूचना प्रणाली" लागू गर्नको लागि डाटा सार्ने कार्य पूरा भएकोछ। साथै केन्द्रीय कार्यालय र पुराना २ वटा शाखाहरूमा पूर्ण रूपमा लागू भएको छ । यसबाट कार्य दक्षमा बढोत्तरी आउनुको साथै चाहेको बेलामा आर्थिक तथा अन्य प्रतिवेदन तयार पार्न सकिन्छ।

(ग) नयाँ खालका बचत तथा ऋण सेवाहरू सुरूवात गरिएको छ । जस्तै, बैबाहिक बचत, बैदेशिक रोजगार ऋण र दक्ष सीपमा आधारित आयमूलक व्यवसाय ऋण रहेका छन् । हालसम्म जम्मा ११७ जनाले रू. ३२५८१ बैबाहिक बचत गरेका छन् ।

(घ) रियल टाइम मोनिटरिङ्ग प्रविधि लागू गरिएको छ । यसबाट फील्ड सहायकहरूले केन्द्र बैठकमा गर्ने काम गतिविधिमा निगरानी गर्न सजिलो भएको छ ।

(ङ) लघुबित्त कार्यक्रममा मुक्त कमैया परिवारका महिलाहरूलाई समावेस गरी उनीहरूको आर्थिक उत्थानमा टेवा पुऱ्याउने कार्य भएको छ। कन्चनपुरको दुईवटा शाखाबाट ८१ घरधुरी मुक्त कमैयाहरूलाई सेवा प्रदान गरेको छ ।

# ३ बंगुर पालन तथा नस्ल सुधार कार्यक्रम



बंगुर पालन गर्ने महिला दाना दिँदै





## ३.१. परिचय :

नेपालको कृषि विज्ञान तथा प्रविधिलाई एक्काइसौं शताब्दी सुहाउदो जुझारू बनाउदै लान सदा प्रयत्नरत राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष (नारडेफ) को आर्थिक सहयोग, जिल्ला पशुसेवा कार्यालय बर्दियाको समन्वयमा युनिक नेपालले बंगुर पालन तथा नस्ल सुधार कार्यक्रम संचालन गरिआएको छ। यो कार्यक्रमको शुरूवात २०६७ सालमा भई २०६९ सालमा सम्पन्न हुँदैछ। बर्दियाको भौंरा टप्पा क्षेत्रका आदिवासी थारू समुदायका करिव २२० परिवारलाई मुख्य लक्षित गरी यो कार्यक्रम शुरू गरिएको हो। थारू समुदायमा बंगुर पालन गर्ने र यसैको मासु खाने चलन व्यापक रूपमा रहेको छ। हरेक चार्डपर्व र भोजमा थारूहरूले अनिवार्य रूपमा बंगुरको मासु खाने गर्दछन्। यसर्थ यस कार्यक्रमबाट आदिवासी थारूहरूले बढी फाइदा पाउनेछन् भन्ने आशा लिइएको छ। र भौंरा टप्पामा उन्नत जातका बंगुरको नस्ल सुधार भई आय स्तरमा समेत सुधार आउने देखिन्छ।

## ३.२. उद्देश्यहरु :

यस परियोजना प्राविधिक खालको छ । यसर्थ उद्देश्यहरू पनि सोही अनुसार निर्धारण गरिएका छन्, जो निम्नानुसार रहेका छन्।

(क) उन्नत जातको बंगुरको नस्ल सुधार तथा स्वस्थ मासु उत्पादन गर्ने।
(ख) किसानहरूको बंगुर पालनको लागि उन्नत तथा व्यवसायिक ज्ञान प्रदान गर्ने।

## ३.३. प्रारम्भिक उपलब्धिहरु :

यस परियोजनाका उपलब्धिहरूलाई संख्यात्मक तथा गुणात्मक गरी दुई समुहमा विभक्त गरी अध्ययन गर्न सकिन्छ। गुणात्मक रूपमा विश्लेषण गर्दा परम्परागत रूपमा थारूहरूले पालिएको बंगुर पालनमा केही सुधार ल्याउन यस परियोजनाले सहयोग गरेको छ। साथै बंगुरको नस्लमा समेत सुधार ल्याउन मदत गरेको छ। संख्यात्मक उपलब्धिहरू बुँदागत रूपमा निम्नानुसार दिइएका छन्।

(क) यस कार्यक्रम अन्तरगत बर्दियाकै भौंरा टप्पाका ११ वटा गाविसका २२५ जना किसानलाई उन्नत जातको बंगुरको पाठा सहयोग गरिएको छ। यसबाट स्थानीय स्तरमा उन्नत नस्लका बंगुरको संख्या बढेको छ र दिनानुदिन बढोत्तरी पनि हुँदैछ।

(ख) दुई जना ब्रिडर किसानलाई पाँच पाँचवटा उन्नत जातको बंगुरको पाठा पनि प्रदान गरिएकोछ। नयाँगाउँ गाविसका रामकुमार थारू, मनाउका चालुराम चौधरी र पाताभार गाविस बन्कत्तिका चन्द्रीका थारूलाई ब्रिडर प्रयोजनको लागि बंगुरको पाठा पाएका छन्। उन्नत नस्लको ब्रिडर पाठा ठूला भई सकेका छन् र ब्रिडीङ कार्य पनि शुरू गरिएको छ।

(ग) अभिमुखीकरण तालिम ब्रिडर किसान र प्रत्येक समुहका तीन तीन जनालाई प्रदान गरिएको छ । यस तालिम प्राप्त किसानहरूले अन्य किसान सदस्यहरूलाई ब्यवहारिक ज्ञान दिएका छन्। यसबाट उनीहरूले पनि उन्नत नस्लका बंगुर पालन गर्न सजिलो भएको छ।

(घ) उन्नत नस्लका बंगुल वितरण गरिएका मध्ये ७० प्रतिशतले बच्चा उत्पादन गरी बिक्री बितरणबाट नाफा कमाउन थालेका छन्।

# ४ एम्बुलेन्स सेवाहरू

## ४.१. परिचय

बर्दिया जिल्लाको आकस्मि सेवा क्षेत्रमा युनिक एम्बुलेन्सले २०५९ सालदेखि निरन्तर प्रदान गर्दै आईरहेको छ। चौबिसै घण्टा सेवामा हाजिर रहने यस सेवाबाट गत आर्थिक बर्ष २०६६ऽ०६७ मा ६१२ जना बिरामीहरूलाई आकस्मिक एम्बुलेन्स सेवा पाएका थिए । आर्थिक बर्ष २०६७ऽ०६८ मा ९८० जना बिरामीलाई सेवा पाए । त्यसमध्ये २५६ जनाले सुत्केरी सेवा पाएका थिए। डासुऽडानिडाले निःशुल्क एम्बुलेन्स उपलब्ध गराएपछि युनिकले निरन्तर रूपमा यो सेवा सफल भएको छ । युनिकको सफल व्यवस्थापनका कारण १० बर्षसम्म गुनासो रहित निरन्तर सेवा पुर्‍याई आएको छ ।

## ४.२. सेवाग्राही र सेवाहरु

युनिक नेपालले पुर्‍याएका सेवाग्राहीहरूमध्ये अधिकांश बर्दियाका रहेका छन् । बर्दियाका भौंरा टप्पाका ११ गाविसका धेरै बिरामीहरूले यो सेवाबाट लाभ उठाएका छन् । यसैगरी बुह्रान क्षेत्रमा बिर मी तथा सुत्केरी महिलाहरूले एम्बुलेन्स सेवा पाएका छन्। युनिक नेपालले मुक्त कमैया तथा युनिक लघुबित्त सेवामा क्रियासिल सदस्यहरूलाई एम्बुलेन्स सेवा उपलब्ध गराउँदा ५ प्रतिशत छुट समेत दिई आएको छ ।






वार्षिक प्रगति
प्रतिवेदन २०६७/०६८

# ५ प्रकाशनहरू












**५.१. थारु नेपाली अंग्रेजी शब्दकोष**
संकलक तथा सम्पादक : गोपाल दहित थारू
पहिलो प्रकासन साल :२०५४ र पहिलो संशोधन सहितको, प्रकाशन साल २०६१, मूल्य रू. ३५०।

**५.२. थारु आदिवासी ज्ञान र यसको अभ्यास**
प्रकासन साल : २००९ इस्वी सम्बत्
लेखक : गोपाल दहित, मूल्य रू. ३९९।

**५.३. थारु जडीबुटी ज्ञान र यसको अभ्यास**
प्रकासन साल : २०६६
लेखक : गोपाल दहित, मूल्य रू. १५००।

**५.४. थारु गीती क्यासेट ओजरार डगर**
पहिलो प्रकासन साल : २०५५ र
दोश्रो प्रकाशन साल : २०६१, मूल्य रू. ६०

**५.५. थारु बाल कविता संग्रह “जोन्हु मामा”**
लेखक र संकलक : कृष्ण सर्वहारी
प्रकासन साल : २०६३, मूल्य रू. १५




### ५.६. थारु भाषाक बत्कोही संग्रह "हमार जुनी"

लेखक र संकलक : सन्तराम धरकटुवा थारू
प्रकासन साल : २०६१, मूल्य रू. २५



### ५.७. विभिन्न शैक्षिक सामाग्री तथा प्रशिक्षण निर्देशिका

नीतिगत उर्जा तथा नेतृत्व विकास तालिम, बंगुर पालन, जन्नीनक कानूनी अधिकार, व्यक्तिगत घट्ना दर्ता, सामुहिक गणीत, आदि पुस्तक तथा निर्देशिका प्रकाशन गरिएको छ ।



### ५.८. बर्दियाको थारु शैक्षिक दर्पण २०६२

कार्यकारी सम्पादक : गोपाल दहित
सम्पादक : सन्तराम धरकटुवा थारू
प्रकासन साल : २०६२, मूल्य रू. ५००।



### ५.९. बहैया सिमसार संरक्षण एक चिनारी

संकलन तथा लेखन : नरेश थारू र नरेन्द्र थारू
सम्पादन : गोपाल दहित
प्रकासन साल : २००९ इस्वी सम्बत्




### ५.१०. कम्लही सम्बन्धमा लेखिएको असल अभ्यास र सिकाईहरु

संकलन तथा लेखन : नरेश थारू, सन्त कुमार चौधरी र भेषबहादुर चौधरी, सम्पादन : गोपाल दहित
प्रकासन साल : २०१० इस्वी सम्बत्



### ५.११. थारु संस्कृतिको संक्षिप्त परिचय

लेखक : गोपाल दहित
प्रकासन साल : २०६२, मूल्य रू. २५०।
नोट (यो पुस्तक युनिक नेपालले प्रकाशन गरेको होइन, तर यहा पाइन्छ ।)



# ६ युनिक नेपाल

## १. परिचय

युनिक नेपाल सामुदायिक विकासका लागि सदस्यमा आधारित सेवामूलक गैरसरकारी संस्था हो । समाज सेवामा समर्पित युवाहरूको अथक प्रयासमा जिल्ला प्रशासनमा विधिवत दर्ता हुनु अगावैदेखि समाज सेवा तथा विकासमा तल्लिन रही हालसम्म स्थानीय आवस्यकतामा आधारित विभिन्न कार्यक्रमहरू निरन्तर संचालन गरिआएको छ। सानो तर दृढ संकल्प बोकेका युवा समुह र आफ्नै सानो कोषबाट शुभारम्भ गरेको लक्ष निर्दिष्ट कार्यक्रमगत कियाकलापहरू आज राष्ट्रिय र अन्तरराष्ट्रिय दातृ तथा वित्तिय संस्थाहरूको सहयोगमा स्थानीय जनसमुदायको व्यापक समर्थन र दक्ष तथा प्रतिबद्ध जनशक्तिको त्याग र मेहनतबाट मध्य तथा सुदुर पस्चिमका थरूहट जिल्लाहरूमा युनिक नेपालले व्यापकता पाएको छ ।

जिल्ला प्रशासन कार्यालय बर्दियामा २०५२ सालमा विधिवत दर्ता भई युनिक नेपालले आफ्ना कार्यक्रमहरू औपचारिक रूपमा संचालन गर्न शुरूवात गरेको हो । समाज कल्याण परिषद्मा समेत सोही सालमा आबद्ध भयो । ग्रामीण जनसमुदायको आवस्यकता र अनुरोधलाई ध्यानमा राखी आफ्नो कार्यक्षेत्रलाई विस्तार गर्ने क्रममा हाल बर्दिया, बाँके, कैलाली र कञ्चनपुर जिल्लामा सेवा विस्तार गरेको छ । यसले नेपाल राष्ट्र बैंकबाट बित्तिय मध्यस्थकर्ताको अनुमति पत्र लिई युनिक लघुवित्त कार्यक्रम समेत संचालन गरिआएकोछ ।

## २. उद्देश्य

१) विपन्न वर्गका घरपरिवारको आर्थिक उत्थानमा टेवा पुऱ्याउन लघुवित्त सेवालाई ग्रामीण स्तरसम्म सर्वसुलभ गराउने ।

२) औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमको माध्यमबाट शिक्षा तथा चेतनास्तर बढाउने ।

३) स्वास्थ्य सेवा, कृषि, भौतिक निर्माण तथा चेतना विकास र वातावरण संरक्षणमा जन सहभागिताका माध्यमद्वारा सार्थक बनाउने ।

४) थारू भाषा, संस्कृति, कला, सम्पदा आदि संरक्षण, प्रवर्द्धन तथा विकासमूलक कार्यक्रमहरूको माध्यमद्वारा थारू पहिचान र अधिकार स्थापिन गराउन सहजीकरण गर्ने, आदि ।

## ३. लक्षित समुदाय

युनिक नेपालका प्रमुख लक्षित समुहमा आदिवासी थारू, दलित, मधेसी र विपन्न समुदायहरू रहेका छन्। साथै कार्यक्रमको प्रकृति अनुसार लक्षित समुदायहरू पहिचान गर्ने गरिन्छ।

## ४. कार्य क्षेत्र र अनुभव

युनिक नेपालले बिगत लामो समयदेखि खासगरी ७ क्षेत्रमा उदाहरणीय कार्य गरिआएको छ, ती हुन्, शिक्षा, कृषि, स्वास्थ्य, जैविक विविधता, लघुबित्त र सीप विकास साथै भौतिक निर्माण । शिक्षा कार्यालय, जर्मन विकास सेवा, स्टीफटङ, विश्व शिक्षा, प्याक्ट नेपाल, ड एशिया फाउण्डेशन, आदि साझेदार संस्थाहरूको सहयोगमा शिक्षा कार्यक्रमहरू संचालन गरेको, यसैगरी आइडीई नेपाल, जेएफपीआर, वीनरक, फीन्ट्रयाक, आदिको साझेदारीमा कृषि कार्यक्रम संचालन गरेको, डासुऽडानीडा, यूएमएन, एनएफआरपीऽ युएसएआईडी, जिल्ला विकास समिति, गाविस, आदिको साझेदारीमा विद्यालय भवन, कल्भर्ट, पुल पुलेसा, सामुदायिक भवन, आदि निर्माण तथा जनपरिचालन गरेको, आइएलओ र पश्चिम

उत्कृष्ट शाखा प्रमुखले सम्मान पत्र ग्रहण गर्दै




तराई गरिवी निवारण आयोजना, सीएसपीऽडीफीड को सहयोगमा मुक्त कमैया परिवारको लागि एकीकृत कार्यक्रम संचालन गरेको, स्थास्थ्य सम्बन्धि कार्यक्रम सेभ ड चिल्ड्रन र युएसएआइडीऽफीन्ट्रयाकको सहयोगमा संचालन गरेको लामो अनुभव पनि छ । साथै युएनडीपीऽएसजीपी को साझेदारीमा पनि वातावरण र जैविक विविधतालाई लक्षित गरी सीमसार संरक्षण जस्तो नयाँ कार्यक्रम सफलताका साथ संचालन गरेको छ । **युनिक नेपालले विगत १२ बर्षदेखि आरएमडीसी तथा अन्य वित्तिय संस्थाहरुको वित्तिय ऋण सहयोगमा निरन्तर लघुबित्त कार्यक्रम पनि संचालन गरिआएको छ** । साथै हालैमात्र नेपाल राष्ट्र बैंक र युएनडीपीको संयुक्त कार्यक्रम इएफएएस कार्यक्रम अन्तरगत लघुवित्त कार्यक्रमलाई श्रृजनात्मक प्रविधिको माध्यमद्वारा अझ प्रभावकारी र कम खर्चिलो बनाउने उद्देश्यका साथ लागू गरेको छ । साथै युएसएआईडी/नीट एक्टीभिटीको सहयोगमा नयाँ शाखा थप गरी लघुबित्त सेवा विस्तार गर्ने कार्यक्रम पनि शुरू गरेको छ ।

## ६. चालु कार्यक्रमहरु

(क) युनिक लघुवित्त कार्यक्रम(यसै अन्तरगत थप २ कार्यक्रम रहेका छन्)

(ख) थारू जडीबुटी बैदावा ज्ञानको माध्यमद्वारा जैविक विविधता संरक्षण कार्यक्रम

## ७. नया नेतृत्व चयन

करिव दुई दशक बसन्त पार गर्दै बर्दिया, बाँके, कैलाली र कंचनपुरमा लघुबित्त कार्यक्रम अन्तरगत करिव १७ हजार सदस्यहरूलाई प्रत्यक्ष सेवा प्रदान गरिरहेको युनिक नेपालको सातौ महाधिवेशन तथा १५ औं साधारण सभा बर्दियाको गुलरियामा २०६७ साल भाद्र १८ गते एक भव्य समारोहका बीच सम्पन्न भएको छ। यस महाधिवेशनले युनिक नेपालको विधान संशोधन गर्नुको साथै श्री नरेन्द्र थारूको नेतृत्वमा सात सदस्यीय नयाँ कार्य समिति सर्वसम्मतिबाट चयन गरेको छ । सात सदस्यीय समितिको अध्यक्षमा नरेन्द्र थारू, महासचिवमा नरेशलाल थारू, कोषाध्यक्षमा राधेश्याम थारू, सदस्यहरूमा राधा थारू, रामकुमार थारू, बसन्ती चौधरी र भागीराम चौधरी रहेका छन्। नव गठित कार्य समितिको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं । उक्त अवसरमा ८ जना सदस्यहरूलाई आजीवन सदस्यता प्रदान गर्नुको साथै उत्कृष्ठ पहिलो शाखा राजापुर, दोश्रो शाखा टीकापुर र तेश्रो शाखा धनगढी रहनुको साथै कर्मचारीहरूमा शाखा प्रमुख रामफल चौधरी, फील्ड सहायक बिनोद कुवँर र फील्ड सहायक हरिकुमार चौधरीलाई सम्मान पनि गरिएको थियो ।

युनिक नेपाल
केन्द्रीय परियोजना कार्यालय, गुलरिया नगरपालिका
वडा नं.६ रेडक्रम मार्ग, बर्दिया
फोन/फ्याक्स नं. ००९७७-८४-४२१०३८, ४२०५५२
इमेल : unyc.glr@wlink.com.np, unycnepal@gmail.com
**Website:** www.unycnepal.org.np